जि.प्र.का. सप्तरी द.नं. ९२/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ९९ २०८२ साल कात्तिक २८ गते शुक्रबार (14 Nov 2025 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागुऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : मानसिक स्वास्थ्य सेवा ... ३ पृष्ठमा : सर्वोत्कृष्ट वैज्ञानिकको ... ३ पृष्ठमा : भारतद्वारा घातक कार ....

# नेपाल-भारत सीमाका ४ सय ७९ सीमास्तम्भ गायव, कतिपय जिर्ण अवस्थामा





**दैनिक समाचारदाता**
**राजविराज, २७ कात्तिक ।**

सप्तरीसँग जोडिएको नेपाल-भारत सीमाका ४ सय ७९ सीमास्तम्भ गायब रहेको छ । ६ सय ४९ वटा सीमा स्तम्भ हुनुपर्नेमा हाल १ सय ७० वटा मात्र छ । अधिकांश सीमास्तम्भ गायव भएको पाइएको छ ।

भारतीय सीमासंग जोडिएका पालिकाका जनप्रतिनिधि, नागरिक अगुवा तथा सञ्चारकर्मीहरुलाई सहभागी गराई बिहीबार सशस्त्र प्रहरीबल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीको समन्वयमा सशस्त्र प्रहरीबल नेपाल नम्बर ६ गण हेडक्वार्टर सप्तरीले राजविराजस्थित कार्यालयमा आयोजना गरेको "सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम" मा यस्तो तथ्यांक सार्वजनिक गरिएको हो ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर ६ गण हेडक्वार्टर सप्तरीका गणपति प्रहरी उपरीक्षक रोशन बुढाथोकीले सप्तरीका १८ मध्ये ७ पालिका भारतीय सीमासँग जोडिएको जानकारी दिए ।

"नेपाल-भारत सीमा अन्तर्गत सप्तरीका दशगाजा क्षेत्रमा ६ सय ४९ वटा सीमा स्तम्भ हुनुपर्नेमा अहिले १ सय ७० वटा मात्र छ ।" उनले भने, "कायम रहेका कतिपय सीमास्तम्भ पनि जिर्ण अवस्थामा रहेकाले मर्मत गर्नुपर्ने अवस्थामा छ ।"

दुबै देशका प्राविधिक टोलीको सहमतिमा मात्र यसरी सीमास्तभ राख्न सकिने समझौता भएकाले सोका लागि पनि पहल थालिएको उनको कथन छ । उनले सीमा अपराध नियन्त्रणका लागि भारतीय सीमासंग जोडिएका सबै पालिकामा स्थानिय जनप्रतिनिधि र समाजका अगुवालाई समेटेर सीमा सहजिकरण समिति गठन गरिएको जानकारी पनि दिए ।

सीमा अपराध नियन्त्रण, सीमासुरक्षाको महत्व र सीमावासीको समस्याको पहिचान तथा सुझाव संकलन गरी आवश्यक रणनीति बनाउने उद्देश्यका साथ आयोजना गरिएको कार्यक्रमका सहभागी अधिकांश वक्ताले दशगाजा क्षेत्रमा गायव भएका सीमास्तम्भको पुनर्निमाणमा जोड दिनुका साथै चोरी तस्करी, लागुऔषध ओसारपोसार नियन्त्रण तथा लामो समयदेखि बन्द रहेका सप्तरीका छोटी भन्सार कार्यालयहरु पुन: सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिएका थिए ।

छोटी भन्सार कार्यालयहरु सञ्चालनमा आउन नसक्दा सीमानाकाबाट भन्सार छली तथा चोरी तस्करी मौलाउनुका साथै राजस्व पनि कम उठ्न थालेको उनीहरुको तर्क थियो ।

कार्यक्रममा हनुमाननगर कंकालिनी नगरपालिकाका नगरप्रमुख बिरेन्द्र माझी, डाक्नेश्वरी नगरपालिकाका नगरप्रमुख रामलखन मलाह,

*बाँकी अन्तिम पृष्ठमा*

# दुई प्रदेशसभा सदस्यमाथी कारबाही प्रक्रिया अघि बढाइयो

**दैनिक समाचारदाता**
**राजविराज, २७ कात्तिक ।**

नेकपा माओवादी केन्द्र संसदीय दल मधेस प्रदेशले आफ्ना दुई सांसदमाथि कारबाही प्रक्रिया अघि बढाएको छ ।

तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनललाई विश्वासको मत दिने सन्दर्भमा पार्टी ह्विपविरुद्ध उभिएको भन्दै आफ्ना दुई प्रदेशसभा सदस्य रहबर अन्सारी र मालाकुमारी कर्णमाथी कारवाही अगाडी बढाएको सो पार्टीका संसदीय दलका नेता भरत साहले जानकारी दिए ।

उनीहरु दुवैले विश्वासको मतका दिन आह्वान गरिएको प्रदेश सभा बैठकमै पार्टीको ह्विप विपरीत उभिएर विश्वासको मत नदिने घोषणा गरेका थिए ।

ती दुई सांसदकै कारण पाँच दलीय गठबन्धनको समर्थनमा बनेको लोसपा नेता जितेन्द्रप्रसाद सोनल नेतृत्वको सरकार ढलेको थियो । पार्टीको ह्विपविपरित यी दुई सांसद उभिए पनि तत्कालीन मुख्यमन्त्री सोनलले प्रदेश सभाबाटै राजीनामा घोषणा गरेका थिए ।

पार्टीको निर्णयविपरीत आचरण गरेकाले केन्द्रीय समितिले उनीहरुलाई साधारण सदस्य समेत नरहने गरी कारबाहीको निर्णय गरिसकेको दलका नेता साहले बताउँदै केन्द्रबाट आधिकारिक पत्र आएलगत्तै प्रदेश सभामा उनीहरुको पद खारेजका लागि सिफारिस गरिने जनाए ।

# सप्तरीका उद्योगि व्यापारीहरु कालोपट्टी बाधेर कारोबार गर्ने, जिल्ला प्रशासन कार्यालयमा धर्ना बस्ने




**दैनिक समाचारदाता**
**राजविराज, २७ कात्तिक ।**

राजविराजस्थित करदाता सेवा कार्यालय आन्तरिक राजश्व कार्यालय लहानमा गाभ्ने निर्णय विरुद्ध सप्तरी उद्योग बाणिज्य संघको अगुवाईमा दोश्रो चरणको आन्दोलनका कार्यक्रमहरु घोषणा गरिएको छ ।

नेपाल सरकार मन्त्रीपरिषद कात्तिक १७ गतेको बैठकले मुलुकभरका ३८ वटा करदाता सेवा कार्यालयलाई खारेज गर्ने निर्णय गरेपछी सप्तरीका उद्योगि व्यापारीहरु आन्दोलित भएका हुन् ।

आन्दोलनका कार्यक्रमहरुमा कालोपट्टी बाधेर कारोबार गर्नेदेखी जिल्ला प्रशासन कार्यालयमा धर्ना बस्ने सम्म रहेको छ ।

बिहीबार संघका अध्यक्ष लालुप्रसाद अग्रवालद्वारा जारि विज्ञप्तिमा बिहीबार साँझदेखी घरदैलो कार्यक्रम मार्फत हस्ताक्षर संकलन गरि शुक्रबार उद्योगी व्यवसायी तथा सरोकारवालाले कालोपट्टी बाँधेर प्रमुख जिल्ला अधिकारीलाई हस्ताक्षरित तुल बुझाउने कार्यक्रम रहेको उल्लेख छ ।

त्यस्तै शनिबार सम्पूर्ण उद्योगी व्यवसायीहरुले आ-आफनो कारोवार स्थलमा कालोपट्टी बाँधी कारोवार गर्ने र सोही दिन दिनको ३ बजे संघको सचिवालयमा कालोपट्टी बाधेर नगर परिक्रमा गर्ने कार्यक्रम रहेको छ । यस्तै आइतबार बिहान १० बजेदेखी ११ बजेसम्म जिल्ला प्रशासन कार्यालय अगाडी धर्ना दिने कार्यक्रम तय गरिएको छ ।

करदाता सेवा कार्यालय आन्तरिक राजश्व कार्यालय लहानमा गाभ्ने बिरोधमा बिहीबार सर्वदलिय सर्वपक्षिय बैठकबाट निर्णय गरि बिरोधका कार्यक्रमहरु सार्वजनिक गरिएको बिज्ञप्तिमा जनाइएको छ ।

यसअघि सोको बिरोधमा पहिलो चरणमा कात्तिक २२ गतेदेखि २७ गतेसम्म विहान ९ वजेदेखि वेलुका ४ वजे सम्म स्थानिय गजेन्द्र नारायण सिंह चौकमा सेतो तुल राखी हस्ताक्षर संकलन, २२ गतेदेखि २७ गते सम्म दिउँसो २ बजेदेखी बेलुका ५ बजे सम्म स्थानिय गजेन्द्र नारायण सिंह चौकमा धर्ना प्रदर्शन, २७ गते ४ वजे संकलित हस्ताक्षरको तुल गजेन्द्र नारायण सिंह चौकबाट मौन जुलुससहित प्रमुख जिल्ला अधिकारी मार्फत अर्थ मन्त्रीलाई बुझाएको थियो ।

वि.स. २०७५ साल भदौं १६ गते तत्कालिन अर्थमन्त्री युवराज खतिवडाले राजविराज वडा नं. ६ सिरहा रोडस्थित सो कार्यालय उद्‌घाटन गरेका थिए । त्यसपछी उक्त कार्यालय राजविराज वडा नं. ७ स्थित आफ्नै भवनमा सरेको थियो । तर भदौं २५ गते जेनजी आन्दोलनका क्रममा कार्यालयमा आगजनी भएपछी कार्यालय क्षतिग्रस्त हुँदा हाल नजिकैको भाडाको भवनमा संचालन हुँदै आएको छ ।

करदाता सेवा कार्यालयको तथ्यांक अनुसार ६६ हजार ५ सय ६१ सक्रिय करदाता रहेको यस कार्यालयले गत आ.व. २०८१/०८२ मा कार्यालयले ८७ करोड २७ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो । कार्यालयले चालु आ.ब. २०८२/०८३ मा १ अर्ब १४ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको छ ।

# मधेस प्रदेशका सभामुख विरुद्ध प्रस्ताव दर्ता

**दैनिक समाचारदाता**
**राजविराज, २७ कात्तिक ।**

मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलविरुद्ध प्रदेशसभामा पद अनुकूल आचारण नगरेको भन्दै प्रस्ताव दर्ता गराइएको छ ।

माओवादी केन्द्र मधेस प्रदेश संसदीय दलका नेता भरत साहले कांग्रेस, माओवादी केन्द्र, जसपा नेपालसहित ७४ सांसदको हस्ताक्षरसहित प्रदेशसभामा पदअनुकुल आचरण नगरेको सम्बन्धी प्रस्ताव दर्ता गरिएको हो ।

प्रस्तावमा सभामुखले सभा कार्य सञ्चालन नियमावली २०७५, परिछ्चेद २१, नियम १८० अनुसार पदीय अनुकूल र पदीय आचरण अनुकूल कार्य नगरेकाले पदमुक्त गर्न माग गरिएको छ ।

तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत लिने समयमा नेकपा माओवादी केन्द्रका दुई सांसद रहबर अन्सारीलाई बोल्ने मौका दिएर सभामुखले मुख्यमन्त्रीले विश्वासको मत लिने वातावरण बिगारेको र त्यसपछि उनी एकपक्षीय ढंगले अघि बढेको सात दलको आरोप छ ।

# वीर अस्पतालमा १० वटा भाइरसको परीक्षण सुरु

काठमाडौँ, २७ कात्तिक (रासस) ।

वीर अस्पतालमा श्वासप्रश्वाससम्बन्धी १० वटा विभिन्न रोगका भाइरसको एकै पटक परीक्षण सुरु गरिएको छ ।

अस्पतालको मेडिकल जेनेटिक्स (अनुवाइशिक) प्रयोगशालामा श्वासप्रश्वाससम्बन्धी १० प्रकारका रोगको भाइरसको एकै पटक एकै समयमा परीक्षण सुरु गरिएको अस्पतालका मेडिकल अनुवाइशिक विभागका प्रमुख डा निलम ठाकुरले जानकारी दिनुभयो ।

उहाँले बिरामीको एउटा रोगको भाइरसको फरक-फरक परीक्षण गर्दा रोग पत्ता लगाउन समस्या भएकाले एकै पटक १० वटा रोगका भाइरसको परीक्षण गर्न थालिएको बताउनुभयो । "पहिले ती १० वटा रोगका भाइरसको फरक-फरक समयमा परीक्षण गर्ने गरेका थियौं, तर अहिले एकै पटक एकै समयमा परीक्षण गर्दा खर्च पनि कम लाग्दछ", उहाँले भन्नुभयो, "कुन भाइरसका कारणले कुन रोग लागेको हो भन्ने कुरा पनि पत्ता लाग्दछ, धेरै पटक परीक्षण आवश्यक पर्दैन ।"

उहाँले भाइरसले रोग पत्ता

*बाँकी तीन पृष्ठमा*

## सम्पादकीय

### संचालनमा आएको बसपार्क सुनसान

लामो समयको प्रतिक्षापछि निर्माण भएको राजविराज बसपार्क अझै संचालनमा आउन सकेको छैन् । जेठ १५ गते गणतन्त्र दिवसको अवसर पारेर राजविराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परवीनले नवनिर्मित बसपार्कको उद्घाट्न गरेकी थिइन । १५ करोड ६० लाख रुपैयाँको लागतमा निर्माण भएको बसपार्क पाँच महिना बितिसक्दा पनि संचालनमा आउन नसक्नु दु:खको विषय हो । पछिल्लो पटक असोज २५ गते जेनजी युवाहरुको दवावपछि राजविराज बस पार्क सञ्चालनमा आएको थियो । तर अहिले बसापार्क सुनसान देखिन्छ । कुनै पनि बस पार्कमा आइरहेको छैन् ।

बि.स.२०४४ सालमा तत्कालिन प्रधानमन्त्री मरिचमान सिह, दोश्रो पटक २०४६ सालमा तत्कालिन अञ्चलाधिश सुर्यवहादुर सेन ओली र तेश्रो पटक २०५२ सालमा तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले राजविराज बसपार्कको शिलान्यास गरेका थिए । पछिल्लो पटक (चौथो पटक) २०७४ सालमाशहरी विकास मन्त्रालयका सचिव दिपेन्द्रनाथ शर्मा र राजविराज नगरपालिकाका तत्कालिन नगरप्रमुख शम्भुप्रसाद यादवले संयुक्त रुपमा बसर्पाकको शिलान्यास गरेपछि निर्माण कार्य शुरु भएको थियो ।

यता बसपार्क कै अभावमा राजविराजमा सार्वजनिक सवारी साधन सडक मै पार्किङ्ग हुँदा ट्राफिकको झमेलाका साथै विभिन्न समस्या उत्पन्न हुँदै आएको छ । बजार क्षेत्रको मुख्य सडकबाटै सवारी साधन संचालन हुँदा दुर्घटनाको जोखिम समेत बढाएको छ । बस व्यवसायीहरु सडक जिर्ण रहेको भन्दै बसपार्क सम्म यातायातका साधनहरु जान कठिनाई हुने गरेको भन्दै पन्छिदै आएका छन् । तसर्थ बस पार्क संचालनका लागि सरोकारवाला निकाय गम्भिर हुन आवश्यक छ ।

# मानसिक स्वास्थ्य सेवा सुदृढ गर्ने उपाय

**डा निराकार मान श्रेष्ठ**

काठमाडौँ, २७ कात्तिक (रासस) ।

नेपालमा आधुनिक मानसिक स्वास्थ्य सेवाको इतिहास धेरै लामो छैन । शताब्दीयौँसम्म मानसिक रोगलाई धार्मिक वा सांस्कृतिक दृष्टिले हेरिन्थ्यो । उपचारका लागि झारफुक, धामी-झाँक्रीको धार्मिक साधनामा भर पर्नुपर्ने स्थिति थियो । देशमा मानसिक रोगको समस्या बढ्दो रूपमा रहेको छ । मानसिक स्वास्थ्य सेवालाई अझ सुदृढ तथा सशक्त पार्नुपर्ने अति आवश्यक छ । त्यसका लागि धेरै उपायहरू हुन सक्छन् :

**मानसिक स्वास्थ्य सेवामा सचेतना बढाउने :** मानसिक रोगप्रति अहिले पनि गाउँदेखि शहरसम्म नै पर्याप्त जनचेतना भएको पाइँदैन । यसप्रतिको अन्धविश्वास, गलत धारणा तथा सामाजिक कलङ्क प्रशस्त मात्रामा पाइन्छ । बिरामीलाई वर्षौंसम्म बाँधेर राख्ने, ठिङ्गुरामा राख्ने, कुटपिट गर्ने तथा अरू प्रकारको यातना दिने गरेको पाइन्छ । तसर्थ, मानसिक रोगप्रति सर्वसाधारण, समाजसेवी, योजनाविद्, राजनीतिक कार्यकर्ता तथा अन्य वर्गमा मानसिक रोगप्रति सचेतना ल्याउने, चेतनाको अभिवृद्धि गर्ने उद्देश्यले उचित प्रकारको सूचना तथा शिक्षाको प्रचारप्रसार गर्ने व्यवस्था गर्नुपर्छ ।

**पाठ्यक्रममा मानसिक स्वास्थ्य:** निम्नमाध्यमिक तथा माध्यमिकस्तरको विद्यालयको पाठ्यक्रममा मानसिक स्वास्थ्यसम्बन्धी चेतना जगाउने, अन्धविश्वास तथा गलत धारणा हटाउने तथा सामाजिक कलङ्क कम गर्ने खालका उपयुक्त ज्ञान समावेश गर्नको लागि शिक्षा मन्त्रालय तथा अरू सम्बन्धित निकायहरूसँग सहकार्य गर्नुपर्छ ।

**मानसिक रोग विषय अध्ययन गर्न आकर्षण बढाउने:** मानसिक रोग विषय पढ्ने र यसप्रति आकर्षित हुनेको सङ्ख्या हाल पहिलेको भन्दा बढेको पाइन्छ । तर पनि जनसङ्ख्याको आधारमा हाल मानसिक रोग विशेषज्ञको सङ्ख्या ज्यादै न्यून भएकाले राज्यले यसतर्फ ध्यान दिन अति आवश्यक देखिन्छ ।

**चिकित्सकलगायत अरू मानसिक स्वास्थ्य जनशक्ति तयार गर्ने:** मानसिक स्वास्थ्य सेवा भनेको एउटा टिमवर्क हो । यसमा साइक्याट्रिस्ट मुख्य व्यक्ति हुन्छन् भने यस टिममा क्लिनिकल साइकोलोजिस्ट, मनोरोग सामाजिक कार्यकर्ता, मनोरोग नर्स, अकुपेसनल थेरापिस्ट आदि अरू जनशक्ति पनि हुन्छन् । तसर्थ, साइक्याट्रिस्ट जनशक्ति वृद्धि गर्नुका साथै यी अरू जनशक्तिको उत्पादन गर्ने र तिनीहरूका लागि सरकारी क्षेत्रमा र अन्य क्षेत्रमा पनि दरबन्दी बढाउने कार्य गर्नुपर्छ । मानसिक रोग विशेषज्ञले मात्र मुलुकभरका जनतालाई मानसिक स्वास्थ्य सेवा प्रदान गर्न सम्भव नभएकाले मेडिकल अधिकृत, वरिष्ठ मेडिकल अधिकृत, नर्स तथा स्वास्थ्य सहायक तथा अरू पारामेडिक्सलाई मानसिक स्वास्थ्यसम्बन्धी तालिम दिएर उनीहरूबाट आधारभूत मानसिक सेवा प्रदान गर्ने व्यवस्था गर्नुपर्छ ।

**औषधिको उपलब्धता:** मानसिक रोगीहरूले प्राय: लामो समयसम्म औषधि सेवन गर्नुपर्ने हुन्छ । तर मानसिक रोगसम्बन्धी औषधि फार्मेसीहरूमा सजिलै उपलब्ध हुँदैनन् । धेरैजसो बिरामीको लामो समयसम्म औषधि किनेर सेवन गर्न पनि सामर्थ्य हुँदैन । सबै तहका स्वास्थ्य संस्थामा मानसिक रोगसम्बन्धी न्यूनतम आवश्यक औषधि उपलब्ध गराउनुको साथै सरकारले नि:शुल्क वा एकदमै कम मूल्यमा ती औषधि बिरामीलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ ।

**एकीकृत मानसिक स्वास्थ्य सेवामा जोड:** मानसिक स्वास्थ्य उपचार छुट्टै मानसिक अस्पतालमा गर्नुको साटो साधारण अस्पतालमा एकीकृतरूपमा गर्नुपर्छ । यसो गर्दा मानसिक रोगप्रतिको सामाजिक कलङ्क कम हुनुको साथै मानसिक बिरामीहरू पनि विनासङ्कोच अस्पतालमा उपचार गर्न आउँछन् । यति मात्र नभई मानसिक रोगीको शारीरिक रोग तथा शारीरिक रोगीको मानसिक रोगको उपचार गर्न पनि बिरामीलाई र चिकित्सक दुवैलाई सजिलो हुन्छ ।

**वार्षिक बजेट बढाउने:** नेपालमा हाल स्वास्थ्य क्षेत्रको लागि कुल राष्ट्रिय बजेटको करिब पाँच प्रतिशत रकम मात्र छुट्याउने गरेको पाइन्छ । विश्व स्वास्थ्य सङ्गठनले कुल राष्ट्रिय बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रलाई छुट्याउनुपर्छ भनी सिफारिस गरेको भए तापनि यो हुन सकेको छैन । त्यसैले कुल राष्ट्रिय बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रलाई छुट्याउनुको साथै स्वास्थ्य क्षेत्रमा प्राप्त बजेटमध्ये रोगको भारको अनुपातमा मानसिक स्वास्थ्यलाई रकम छुट्याउनुपर्छ ।

**समुदायमा आधारित मानसिक स्वास्थ्य सेवा:** अस्पतालमा आधारित मानसिक स्वास्थ्य सेवालाई भन्दा समुदायमा आधारित मानसिक स्वास्थ्य सेवालाई प्राथमिकता दिनुपर्छ । यसले गर्दा मानसिक बिरामीको समयमा नै पहिचान, निदान तथा उपचार हुनुको साथै बिरामीले आफ्नो घरनजिकै सजिलोसँग सस्तोमा उपचार सेवा पाउँछन् । यस प्रकारको सेवा उनीहरूलाई सजिलै स्वीकार्य पनि हुन्छ ।

**‘मानसिक रोग’ नभनी रोगको प्रकार नै किटान गर्ने:** ‘मानसिक रोग’भन्दा सर्वसाधारणले कडा खाले मानसिक रोग तथा पागल वा मानसिक सन्तुलन बिग्रेको मानिस सम्झिने गर्छन् । सो बुझाइ गलत भएकोले मानसिक रोग नभनी शारीरिक रोगमा जस्तै कुन प्रकारको मानसिक रोग हो ? सो किटान गर्नुपर्छ ।

**धामी, झाँक्री आदिसँग सहकार्य गर्ने र परिचालन गर्ने:** धामी, झाँक्री, माता, फुक्ने, जान्ने आदि नामले चिनिने परम्परागत उपचारक हाम्रो देशको हरेक ठाउँमा पाइन्छन् । यिनीहरू सजिलै र सस्तोरूपमा जुनसुकै बेला पनि उपलब्ध हुनुका साथै यिनीहरूले समुदायको विश्वास पनि पाएका हुन्छन् । गाउँ-घर तथा अशिक्षित व्यक्तिलगायत शहरी क्षेत्रमा शिक्षित व्यक्तिले पनि यिनीहरूलाई विश्वास गरेको पाइन्छ । उपचारका लागि आउने करिब ८० प्रतिशत बिरामीले कुनै न कुनै रूपमा पहिले यी परम्परागत उपचारककहाँ उपचार गरेको पाइन्छ । तसर्थ यिनीहरू समाजका अभिन्न अङ्ग हुन् भन्ने तथ्यलाई मनन गरी यिनीहरूलाई मानसिक रोगसम्बन्धी उचित तालिम दिएर मानसिक बिरामीको पहिचान गरी मानसिक स्वास्थ्य केन्द्र तथा मानसिक रोग विशेषज्ञलाई रिफर गर्ने व्यवस्था मिलाउनुपर्छ ।

**सबैभन्दा तल्लो तहका स्वास्थ्यकर्मी परिचालन गर्ने:** ग्रामीण स्तरमा रहेर काम गर्ने ग्रामीण स्वास्थ्य कार्यकर्ता, महिला मातृशिशु स्वास्थ्य कार्यकर्ता, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका आदिलाई मानसिक रोगसम्बन्धी जनचेतना जगाउने, मानसिक रोगसम्बन्धी आधारभूत शिक्षा दिने र आधारभूत मानसिक रोग पहिचान गरी उपचारको लागि प्रेषण गर्न सक्ने तालिम दिनुपर्छ ।

**टेलिमेडिसिन तथा टेलिहेल्थ कार्यक्रम सञ्चालन गर्ने:** टेलिमेडिसिन तथा टेलिहेल्थ कार्यक्रमबाट दुर्गम स्थानमा भएका बिरामीलाई नभेटी उनीहरू बसेकै स्थानमा मानसिक स्वास्थ्य सेवा दिनेकार्य गर्न सकिन्छ । यसबाट दुर्गम स्थानमा काम गर्ने स्वास्थ्यकर्मीलाई मानसिक रोगको निदान तथा उपचार गर्न पनि मद्दत गर्न सकिन्छ । यस प्रकारका सेवा उनीहरूलाई सजिलै स्वीकार्य हुनुका साथै उनीहरू लाभान्वित हुन सक्छन् । त्यस कारण टेलिहेल्थ तथा टेलिमेडिसिन कार्यक्रमलाई प्राथमिकतामा राखी यसबाट सकेसम्म फाइदा उठाउने व्यवस्था गर्नुपर्छ ।

**राष्ट्रिय दुर्व्यसन नियन्त्रण केन्द्र:** दुर्व्यसन भन्नाले प्राय: लागूऔषध दुर्व्यसनलाई मात्र लिने गरेको पाइन्छ । तर यो सोचाइ गलत हो । दुर्व्यसन सामान्यतया दुई प्रकारको हुन्छ । एउटा रासायनिक दुर्व्यसन र अर्को आदतको दुर्व्यसन । रासायनिक दुर्व्यसनमा लागूऔषध दुर्व्यसन, मादक पदार्थ दुर्व्यसन, तमाखु दुर्व्यसन आदि पर्दछन् भने आदती दुर्व्यसनमा जुवा-तास खेल्ने दुर्व्यसन, इन्टरनेट दुर्व्यसन, यौन दुर्व्यसन आदि पर्दछन् । सबैखाले दुर्व्यसन समाजमा बढ्दोरूपमा देखा परे पनि हाम्रो देशमा हालसम्म कुनै त्यस्तो संस्था छैन, जसले समग्रमा विभिन्न प्रकारका दुर्व्यसन नियन्त्रणको काम गर्दछ । लागूऔषध नियन्त्रणको लागि संस्था भए तापनि विभिन्न

*बाँकी तीन पृष्ठमा*

नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज

मिति :-२०८२/०७/२६

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. १ डा.जमीदार डम्वरको नाममा कायम रहेका साविक प्रगन्ना जगदर मौजे राजपुर सा.कि.नं. ५ को ज.वि. ०-७-१४ मध्ये ज.वि. ०-३-१५ श्याम नारायण चौधरीको अंश भागमा रहेको जग्गा २०२८ सालमा सर्वे नापी हुदा जिल्ला ससरी राजविराज न.पा. वार्ड नं. ६ को कि.नं. १०० ज.वि. ०-५-१९ कायम भई सो जग्गा मध्ये पूर्व दक्षिण कुनाको ज.वि. ०-१-५ जग्गा देखि उत्तर तर्फ जग्गा र.नं. ३२६२ मिति २०३७/०२/२२ गते ज.वि. ०-०-८ र मिति २०६०/०७/३० गतेको कपाली तमसुकबाट ०-०-८ समेत जम्मा ज.वि. ०-०-१६ जग्गा श्याम नारायण चौधरीबाट सरस्वती देवीले खरीद गरी लिएको जग्गा हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला ससरी जिल्ला ससरी राजविराज न.पा. वडा नं. ६ हाल राजविराज न.पा. वडा नं. ७ बस्ने बौवा लाल साहको बुहारी मिश्री लाल साह हलुवाईकी पत्नी सरस्वती देवीको यस कार्यालयमा द.नं. २९६० मिति २०८२/०५/११ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०७/२६ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स/ न.पा. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५ | डा.जमीदार डम्वर | राजविराज | ६ | १००/ २५५८/ ३३६५ | ०-०-१७.५ मध्ये दक्षिण तर्फबाट ०-०-१६ | सरस्वती देवी | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महलमा सुनर साहु तेली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा झमरमल, डम्वर नारयण, शीव नारायण समेतको बटैयामा जोती आएको हो जनिएको। |

किशोर कुमार राम

कार्यालय प्रमुख

कार्यालय प्रमुख

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सर्वोत्कृष्ट वैज्ञानिकको सूचीमा ३१ जना नेपालमा कार्यरत समावेश

ललितपुर, २७ कात्तिक (रासस) ।

विश्वका सर्वोत्कृष्ट वैज्ञानिकहरूको सूचीमा ३१ जना नेपालमा कार्यरत वैज्ञानिकहरु समावेश भएका छन् ।

नेपाल विज्ञान तथा प्रज्ञा प्रविधि प्रतिष्ठान (नाष्ट)का सचिव रवीन्द्र ढकालले दिनुभएको जानकारी अनुसार एल्सेभियरसँगको सहकार्यमा अमेरिकाको स्ट्यानफोर्ड युनिभर्सिटीले तयार पारेको वार्षिक 'ग्लोबल र्‍याङ्किङ'मा ३१ जना नेपाली वैज्ञानिकहरु समावेश भएका हुन् ।

"स्ट्यानफोर्ड युनिभर्सिटीले हरेक वर्ष यस्तो सुची तयार गर्छ, अध्ययन अनुसन्धानका आधारमा उहाँहरुले प्रकाशन गर्नुभएको पुस्तक र 'साइटेशन' का आधारमा यो तयार गर्छ, सन् २०२५ मा विश्वका सबैभन्दा बढी प्रभाव पार्ने शीर्ष वैज्ञानिकहरुको सूचीमा उहाँहरु पर्नुभएको हो ।" सचिव ढकालले भन्नुभयो ।

उहाँका अनुसार नेपाली अनुसन्धानकर्ताहरूले अनुसन्धान, आविष्कार र दिगोपनको माध्यमबाट विश्वव्यापी प्रभाव पारेका छन् । स्ट्यानफोर्ड युनिभर्सिटीले सार्वजनिक गरेको सूची अनुसार त्रिभुवन विश्वविद्यालयका सातजना तथा नेपाल हेल्थ रिसर्च काउन्सिल, बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठान र अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का दुई/दुई जना वैज्ञानिकहरु समावेश छन् ।

जसमा त्रिभुवन विश्वविलालयका अजय भट्टराई, रमेशप्रसाद अधिकारी, भीष्म कार्की, नीरञ्जन पराजुली, रामप्रसाद शर्मा, गोविन्दप्रसाद ढुङ्गाना र त्रिवि शिक्षण अस्पतालका रञ्जितकुमार शाह छन् ।

त्यसैगरी बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठानका सञ्जीवकुमार शर्मा र सुमन रिजाल तथा अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ( इसिमोड)का अरूणभक्त श्रेष्ठ र फिलिप वेस्टर शीर्ष वैज्ञानिकहरूको सूचीमा समावेश छन् ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)का वैज्ञानिक डा नीरञ्जन कोइराला पनि सूचीमा हुनुहुन्छ ।

काठमाडौं इन्स्टिच्युट अफ कम्प्लेक्स फ्लोजका शिवप्रसाद पुडासैनी, नेपाल हेल्थ रिसर्च काउन्सिलका मेघनाथ धिमाल, ग्लोबल सेन्टर फर रिसर्च एण्ड डेभलपमेन्टका छविलाल रानाभाटको नाम सो सूचीमा उल्लेख छ ।

ट्रान्स कल्चरल साइकोसोसल अर्गनाइजेशन नेपालका मार्क जेडी जोर्डन्स, इन्टरनेशनल वाटर म्यानेजमेन्ट इन्स्ट्च्युटका सन्तोष नेपाल, गण्डकी युनिभर्सिटीका राजकुमार थापा त्रिविका हरि ( थर उल्लेख नभएको) छन् ।

सिइएमवाइटी पिटर आर हब्स, ग्लोबल इन्स्टिच्युट फर इन्टरडिसिप्लिनरी स्टडिजका सुरेन्द्र केसी, काठमाडौं विश्वविद्यालयका सुदनकुमार झाको नाम पनि समावेश छ । त्यसैगरी ग्रेड एकेडेमी प्रालिका रन्दिप रकुवाल, काठमाडौं क्यान्सर सेन्टरका सुनीलकुमार श्रेष्ठ, ग्रेट एकेडेमी प्रालिका गणेशकुमार अग्रवाल छन् ।

घबायो टेक्नोलोजी सोसाइटी अफ नेपालका विकास बराल, लुम्बिनी मेडिकल कलेजका आलोक आत्रेय, एनएनआरसिका उत्तम पौडेल, सिलिकन स्क्रिप्ट साइन्स प्रालिका पुकार खनाल, ग्लोबल हेल्थ रिसर्च एण्ड मेडिकल इन्टरभेन्सन फर डेभलपमेन्टका सुरज भट्टराई र कलेज अफ मेडिकल साइन्सेज नेपालका विपिन चौरसिया छन् ।

सो सूचीमा नेपालका वैज्ञानिकहरु समावेश हुनुले अन्तरराष्ट्रियस्तरमा नेपालका वैज्ञानिकहरुको क्षमताको उत्कृष्ट मूल्याङ्कन भएको नाष्टका सचिव ढकालले बताउनुभयो ।

## *मानसिक स्वास्थ्य ...*

प्रकारका दुर्व्यसनका क्षेत्रलाई यसले नसमेटेकोले सबैलाई समेट्ने एउटा राष्ट्रिय संस्थाको खाँचो छ ।

**मानसिक स्वास्थ्य क्याम्पः** सबै मेडिकल कलेज र स्थानीयसँग सहकार्य एवं समन्वय गरी देशका दुर्गम स्थानमा नियमितरूपमा मानसिक स्वास्थ्य क्याम्प आयोजना गर्नुपर्छ । यसले गर्दा दुर्गम क्षेत्रका बिरामीहरू लाभान्वित हुन सक्छन् ।

**स्वस्थ जीवनशैली र खानपिनबारे प्रचार-प्रसार**ः कतिपय मानसिक रोगहरू अस्वस्थ जीवनशैली तथा अस्वस्थ खानपिनबाट हुने र कतिपय मानसिक रोग लम्बिने तथा चर्किने वा निको भइसकेको मानसिक रोग फेरि बल्भिने हुन्छन् । त्यसैले अस्वस्थ जीवनशैली तथा अस्वस्थ खानपिनले मानसिक स्वास्थ्यमा पार्ने नकारात्मक असर, स्वस्थ जीवनशैली र स्वस्थ खानपिनबारे प्रचारप्रसार गरी व्यवहारमा परिवर्तन ल्याउन प्रोत्साहित गर्नुपर्छ ।

**छुट्टै मानसिक स्वास्थ्य ऐन ल्याउनेः** मानसिक स्वास्थ्य सेवाको प्रवर्द्धन तथा रोकथाम गर्न, मानसिक रोगीहरूको उपचारमा सजिलो पहुँच पुर्‍याउन, स्तरीय उपचार सेवा प्रदान गर्न, उपचारसँगै तिनीहरूको पुनर्स्थापना तथा परिवार, समाज र समुदायमा पुनः समाहित गर्न, तिनीहरूको हक, हित र अधिकारको प्रवर्द्धन एवं संरक्षण गर्न अनि सकेसम्म तिनीहरूलाई परिवार तथा समुदायमा नराखी उपचार गर्नको लागि छुट्टै मानसिक स्वास्थ्य ऐन ल्याउन आवश्यकता छ । मानसिक रोगी र यो रोगप्रति समाजमा शताब्दीयौंदेखि व्याप्त रहेको नकारात्मक धारणा, अन्धविश्वास, भेदभावपूर्ण असमान व्यवहार तथा मानसिक रोगप्रति व्याप्त सामाजिक कलङ्क हटाउनु पनि राज्यको दायित्वभित्र पर्दछ । यसको लागि छुट्टै मानसिक स्वास्थ्य ऐनको आवश्यकता पर्दछ ।

**मानसिक स्वास्थ्य महाशाखाः** स्वास्थ्य मन्त्रालय अथवा स्वास्थ्य सेवा विभागमा छुट्टै मानसिक स्वास्थ्य महाशाखाको व्यवस्था हुनुपर्छ । सो मानसिक स्वास्थ्य महाशाखाले वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्नुको साथै मानसिक स्वास्थ्यसम्बन्धी सम्पूर्ण क्रियाकलापको सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्वन गर्ने आदि काम गर्नुपर्छ । (नेपाल सरकारका पूर्वस्वास्थ्यसचिव श्रेष्ठ बरिष्ठ मनो-चिकित्सक हुनुहुन्छ)

## *वीर अस्पतालमा ...*

लगाएपछि अस्पतालमा नै उपचार गरिने बताउनुभयो । यस्तै प्रयोगशालामा मस्तिष्क सङ्क्रमणसम्बन्धी छ वटा भाइरसको पनि एकै पटक परीक्षण सुरु गरिएको विभागका प्रमुख डा ठाकुरले जानकारी दिनुभयो । प्रयोगशालामा फोक्सोबाहेक अन्य भागमा लाग्ने क्षयरोगको पनि परीक्षण गरिन्छ ।

विसं २०७३ मा अनुवाङ्शिक (जेनेटिक) रोगको पहिचान र उपचार गर्न स्थापना गरिएको प्रयोगशालामा जनशक्ति तथा उपकरण अभावले रोगको परीक्षण नियमित हुन सकेको छैन । जिन (वङ्श)मा भएको अवस्थाले जन्मिने रोगलाई अनुवांशिक रोग भनिन्छ ।

"सरकारी रूपमा अनुवाङ्शिक रोगको पत्ता लगाउने यही नै प्रयोगशाला रहेको छ", उहाँले भन्नुभयो, "तर, हामीसँग तीन जना मात्र जनशक्ति भएको र उपकरण पनि प्रयाप्त मात्रामा नभएका कारणले दैनिक रोगको परीक्षण गर्न सकिरहेका छैनौं ।"

उहाँका अनुसार एक दिन बिराएर पालोअनुसार रोगहरूको परीक्षण गर्ने गरिएको छ । अहिले प्रयोगशालामा २५ वटा अनुवाङ्शिक रोगका भाइरसको नियमति परीक्षण गर्ने गरिएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

प.सं. २०८२/०८३ मिति: २०८२/०७/२६
च.नं. 2920

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।**

रैती नं. २४ लोदर माझीको नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे मलहनियाको हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. फुलकाही वडा नं. ५ हाल परिवर्तित बोदेबर्साइन न.पा. वडा नं. ६ वस्ने लोदर चौधरी थारु माझीको नाती बन्हु चौधरीको छोरा डोमी चौधरीको यस कार्यालयमा द.नं. ३०७३६ मिति २०८२/०३/०९ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०७/२६ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| १७६ | फुलकाही | ४ | १२३ | ०-८-५.५ | लोदर माझी | फिल्डबुक को जग्गाधनी महल, किसान महल र कैफियत महल खाली रहेको |

श्री किशोर कुमार राम
कार्यालय प्रमुख
**कार्यालय प्रमुख**

## विश्व समाचार

### भारतद्वारा घातक कार विस्फोटलाई 'राष्ट्रविरोधी शक्तिहरूको आतंकवादी आक्रमण' ठहर

श्रीनगर (भारत), २७ कात्तिक (रासस/एपी) ।

भारत सरकारको मन्त्रिपरिषद्ले यस हप्ताको राजधानी नयाँदिल्लीमा भएको घातक कार विस्फोटलाई 'राष्ट्रविरोधी शक्तिहरूद्वारा गरिएको आतङ्कवादी आक्रमण' ठहर गरेको छ। यद्यपि सरकारले घटनासँग सम्बन्धित कुनै नयाँ प्रमाण सार्वजनिक गरेको छैन ।

सोमबार ऐतिहासिक लालकिल्ला नजिकै भएको विस्फोटमा आठ जनाको मृत्यु र कैयौँ घाइते भएका थिए । अनुसन्धानका क्रममा बुधबार अधिकारीहरूले विवादित काश्मीर क्षेत्रका विभिन्न भागबाट केही सन्दिग्धलाई पक्राउ गरेको जनाएका छन् । भारत सरकारले मङ्गलबारदेखि नै यस घटनालाई सम्भावित आतङ्कवादी गतिविधि मानेर अनुसन्धान सुरु गरेको हो, जसअन्तर्गत अधिकारीहरूलाई व्यापक कानूनी अधिकार प्राप्त भएको छ ।

बुधबार राति मन्त्रिपरिषद्ले पारित गरेको प्रस्तावमा सो घटनालाई 'राष्ट्रविरोधी शक्तिहरूद्वारा गरिएको जघन्य आतङ्कारी कृत्य' भनेर व्याख्या गरिएको छ । प्रत्येक वर्ष स्वतन्त्रता दिवसमा प्रधानमन्त्रीले देशलाई सम्बोधन गर्ने लालकिल्लालाई भारतीय गौरवको प्रतीक मानिन्छ । यदि यो योजनाबद्ध आक्रमणको रूपमा पुष्टि भयो भने सन् २०११ पछि भारतको राजधानीमा भएको सबैभन्दा घातक विस्फोट हुनेछ ।

### टोयोटाको अमेरिकामा १० अर्ब डलरको नयाँ लगानी घोषणा

टोकियो, २७ कात्तिक (रासस/एएफपी) ।

जापानको प्रतिष्ठित अटोमोबाइल कम्पनी टोयोटाले संयुक्त राज्य अमेरिकामा १० अर्ब अमेरिकी डलरको लगानी गर्ने घोषणा गरेको छ । यो लगानी योजना अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको एसियाली भ्रमणका क्रममा गरिएको प्रारम्भिक टिप्पणीहरूको पुष्टि हो ।

गत अक्टोबर महिनामा अमेरिकी राष्ट्रपति ट्रम्पले टोकियो भ्रमणका क्रममा टोयोटाका प्रमुख कार्यकारी अधिकारी (सिइओ) एकियो टोयोडासँगको भेटपछि उक्त लगानी योजनाको उल्लेख गर्दै 'उनीहरूले १० अर्ब डलर खर्च गर्न जाँदैछन्, नयाँ कार प्लान्टहरू निर्माण गर्न लाग्दैछन् र यो विभिन्न अमेरिकी राज्यहरूमा हुनेछ' भनेर बताउनुभएको थियो ।

तर त्यतिबेला टोयोटाका वित्त प्रमुख केन्टा कोनले '१० अर्ब डलरको यो तथ्याङ्क पुष्टि गर्न कठिन' भएको भन्दै राष्ट्रपति ट्रम्पका टिप्पणीहरूबारे प्रत्यक्ष रूपमा कुनै टिप्पणी गर्नुभएको थिएन ।

बिहीबार जारी गरिएको विज्ञप्तिमा कम्पनीले भने आगामी पाँच वर्षभित्र अमेरिकामा १० अर्ब अमेरिकी डलरको 'अतिरिक्त लगानी' गर्ने स्पष्ट घोषणा गरेको छ । टोयोटाका अनुसार यो नयाँ लगानीले अमेरिकामा कम्पनीको कुल लगानी लगभग ६० अर्ब डलरमा पुग्नेछ । यसको सुरुआत करिब ७० वर्षअघि कम्पनीले आफ्नो अमेरिकी सञ्चालन प्रारम्भ गर्दा भएको थियो ।

यो घोषणा विद्युतीय तथा हाइब्रिड सवारी साधनहरूका लागि लिथियम-आयन ब्याट्री उत्पादन गर्ने पहिलो अमेरिकी कारखानाको उद्घाटनसँगै गरिएको हो । नर्थ क्यारोलिनामा स्थापना गरिएको उक्त कारखाना अमेरिकामा टोयोटाको एघारौँ उत्पादन केन्द्र बनेको छ, जसमा करिब १४ अर्ब डलर बराबरको पूँजी लगानी र पाँच हजार १०० नयाँ रोजगारी सिर्जना हुने भन्ने कम्पनीको दाबी छ ।

यसअघि, जापान र संयुक्त राज्य अमेरिकाबीच सवारी साधनमा लाग्ने कर दर २५ प्रतिशतबाट घटाएर १५ प्रतिशत पुर्‍याउने सहमति भएपछि टोकियो सरकारले अमेरिकी अर्थतन्त्रमा पाँच खर्ब ५० अर्ब डलर लगानी गर्ने निर्णय गरेको थियो ।

ट्रम्प प्रशासनले जापानी अटो निर्माताहरूलाई आफ्ना अमेरिकी कारखानामा बनेका सवारी साधनहरू जापानमै निर्यात गर्न प्रोत्साहित गर्दै आएको छ । यस सन्दर्भमा टोयोटाका सार्वजनिक मामिलाका प्रमुख हिरोयुकी उडाले टोकियो मोटर शोमा भन्नुभएको छ, "संयुक्त राज्य अमेरिकासँग जापानी प्रमाणीकरण मापदण्डहरू समायोजन गर्ने प्रयासहरू भइरहेको छ । यदि यी तयारीहरू सफल भए हामी यसबारे गम्भीरतापूर्वक विचार गर्न इच्छुक हुनेछौं ।"

टोयोटाका अनुसार कम्पनीले गत वर्ष अमेरिकामा बिक्री गरेका सवारी साधनमध्ये करिब आधा विदेशबाट आयात गरिएका थिए । तीमध्ये अधिकांश क्यानाडा र मेक्सिकोमा बनेका सवारी साधनहरू थिए भने जापानमा उत्पादन गरिएका करिब दुई लाख एकासी हजार गाडी पनि अमेरिकामा बिक्री भएका थिए ।

यो लगानी योजनाबाट टोयोटाको अमेरिकी बजारमा उपस्थितिलाई अझ सुदृढ बनाउने र विद्युतीय सवारी साधन उत्पादनमा कम्पनीको अग्रणी भूमिका विस्तार गर्ने अपेक्षा गरिएको छ ।

### पूर्वप्रधानमन्त्री हसिनाको मानवता विरुद्धको मुद्दाको फैसला नोभेम्बर १७ मा हुने

ढाका, २७ कात्तिक (रासस/एएफपी) ।

बङ्गलादेशका न्यायाधीशहरूले फरार पूर्वप्रधानमन्त्री शेख हसिनामाथि दायर मानवता विरुद्धको अपराधसम्बन्धी मुद्दाको बहुप्रतिक्षित फैसला आगामी नोभेम्बर १७ (आगामी मङ्सिर १ गते) मा सुनाउने भएका छन् । मुख्य अभियोजक ताजुल इस्लामले बिहीबार पत्रकारहरूलाई जानकारी गराउँदै अदालतले उक्त मितिमा अन्तिम निर्णय सुनाउने तयारी गरेको बताउनुभयो ।

७८ वर्षीया शेख हसिनामाथि विद्यार्थी नेतृत्वको आन्दोलनलाई दबाउने क्रममा घातक दमन गर्ने आदेश दिएको आरोप लागेको छद। उहाँले भारतमा रहेर अदालतको उपस्थितिका लागि गरिएको आदेशको पालना गर्न अस्वीकार गर्नुभएको छ । "कानूनअनुसार न्याय हुनेछ", अभियोजक इस्लामले भन्नुभयो, "हामी लामो यात्रापछि अन्तिम चरणमा पुगेका छौँ, अदालतले १७ तारिखमा फैसला सुनाउनेछ ।"

# मोरङले महिला क्रिकेटको उपाधी हात पार्‍यो




**दैनिक समाचारदाता**
**राजविराज, २७ कात्तिक ।**

राजबिराजमा संचालित महिला ईन्टर हब टि-टवान्टी प्रतियोगिताको उपाधी मोरङले हात पारेको छ ।

सप्तरी क्रिकेट संघको समन्वय तथा सबल नेपालद्वारा संचालित उक्त प्रतियोगितामा मोरङले सिरहालाई ७ विकेटले पराजित गरि उक्त उपाधी हात पारेको हो ।

टस जितेर सिरहाले निर्धारित २० ओभरको खेलमा १४ ओभर ४ बलमा सबै विकेट गुमाएर ४६ रनको सानो योगफल खडा गरेको थियो । जसमा अनुराधा चौधरीले नटआउट २६ रन बनाएका थिए भने ७ जना खेलाडी शून्य मै आउट भएका थिए ।

बलिङतर्फ मोरङ महिला क्रिकेट टिमका श्रृजना राजबंशीले उत्कृष्ट बलिङ गर्दै ३ बिकेट तथा निरू राजबंशी २ बिकेट सुबेक्षा लिम्बू, बन्दना राजबंशी, पूर्णिमा राजबंशीले समान्य १/१ बिकेट हात पारेकी थिइन ।

प्रतिउतरमा मोरङले ४७ रनको लक्ष्य पछ्याउने क्रममा ८ ओभरमा ३ विकेटको क्षतिमा बिजय हासिल गरेको थियो । जसमा प्रिन्सा रानामगरले नटआउट १५ रन तथा खुशी राजबंशीले ११ रन नटआउट खेलेकी थिइन् ।

उक्त प्रतियोगितामा प्लेयर अफ दि फाईनल मोरङकी श्रृजना राजबंशी भइन् । त्यस्तै बेस्ट ब्याटर मोरङकी टीका साह, बेस्ट बलर सप्तरीकी सुस्मिता यादव, प्लेयर अफ दि सिरिज सिरहाकी सरस्वती चौधरी घोषित भएको आयोजकले जनाएको छ ।

खेल समापनको अवसरमा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, सबल नेपालका सिनियर म्यानेजर अशोक साह, सप्तरी क्रिकेट संघका उपाध्यक्ष निरज सिँह, सबल नेपालका कार्यक्रम संयोजक नवनित जैयशवाल, सप्तरी क्रिकेट संघका सदस्य संजय कार्की, धर्मेन्द्र चौधरीले बिजेता तथा उपबिजेता टिमलाई शिल्ड, कप, प्रमाणपत्र प्रदान गरेका थिए ।

# मिटर ब्याजसम्बन्धी गुनासो सुन्ने र लिने जिल्लास्तरीय संयन्त्र पुनः क्रियाशील

काठमाडौँ, १७ कात्तिक (रासस) ।

सरकारले मिटरब्याजसम्बन्धी गुनासा र उजुरी दर्ताका लागि जिल्लास्तरीय संयन्त्र (समिति) क्रियाशील गरेको छ । सो सम्बन्धी समस्या समाधानका लागि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक र जिल्ला सरकारी वकिलको कार्यालयबाट प्रतिनिधि रहेको जिल्लास्तरीय संयन्त्र क्रियाशील गराउने निर्णय गरिएको गृह मन्त्रालयले जनाएको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालले मन्त्रालय र यस अन्तर्गतका निकायलाई जिल्लास्तरीय संयन्त्र गठन गरी क्रियाशील गराउन निर्देशन दिनुभएको थियो । केही जिल्लामा आयोगको पदावधि सकिएसँगै निष्क्रिय हुने देखिएकाले ती जिल्ला समितिले निरन्तर रूपमा प्रभावकारी ढङ्गले कार्यसम्पादन गर्न अनुरोध गरिएको गृह मन्त्रालयका उपसचिव प्रेमप्रसाद दाहालले जानकारी दिनुभयो ।

बाबुराम रेग्मी नेतृत्वको तीन सदस्यीय जाँचबुझ आयोग गत फागुन २६ मा गठन भई चैत १३ गतेदेखि कार्यप्रारम्भ गरेको थियो । आयोगमा गत असार १२ गतेसम्म ४३ जिल्लाबाट ४१ हजार ४०९ उजुरी दर्ता भएको मा छ हजार ३९३ उजुरी तथा गुनासो फछ्र्योट गरिएको छ । अझै ३५ हजार १६ उजुरी फछ्र्योट हुन बाँकी रहेको बताइएको छ ।

### *नेपाल-भारत ...*

तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष अरुण मंडल, बलान बिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादव, विभिन्न वडाका वडाध्यक्ष तथा सञ्चारकर्मीहरुले सीमाक्षेत्रका विभिन्न समस्या उठान गर्दै आ-आफ्नो सुझाव राखेका थिए ।

# राजनैतिक सङ्क्रमणबीच नेपालको आर्थिक वृद्धि सुस्त हुने : विश्व बैंक

काठमाडौँ, २७ कात्तिक (रासस) ।

गत सेप्टेम्बरको आन्दोलन र त्यसपश्चात छाएको राजनैतिक अस्थिरताको प्रभावलाई प्रतिबिम्बित गर्दै नेपालको वृद्धि आर्थिक वर्ष २०२५ मा चार दशमलव छ प्रतिशतबाट घटेर आर्थिक वर्ष २०२६ मा दुई दशमलव एक प्रतिशतमा झर्ने प्रक्षेपण विश्व बैङ्कको पछिल्लो आर्थिक प्रतिवेदनको छ । आर्थिक वर्ष २०२७ मा भने पुनःनिर्माणका प्रयासमा हुने प्रगतिले आर्थिक वृद्धिदर चार दशमलव सात प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

बिहीबार सार्वजनिक भएको नेपाल डेभलपमेन्ट अपडेट प्रतिवेदनका अनुसार सबैभन्दा बढी सेवा क्षेत्र प्रभावित हुने छ । यद्यपि यो प्रक्षेपण अझै पनि अनिश्चित रहेको छ । राजनैतिक परिवर्तनको सफलता र दिगो सुदृढ आर्थिक व्यवस्थापनको प्रत्याभूतिले लगानीकर्तालाई प्रोत्साहित आर्थिक सुधारलाई गति दिन सक्नेछ । नकारात्मक पक्षको रूपमा भने निरन्तरको अनिश्चितताले लगानीकर्तालाई निरुत्साहित गर्नसक्ने पनि अनुमान गरिएको छ ।

"व्यावसायीक विश्वास पुनःस्थापना गर्न र पुनरुत्थानलाई गति दिन नेपाल सरकारले एकीकृत व्यावसायिक पुनरुत्थान योजना सार्वजनिक गरेको छ, जसअन्तर्गत अनुदान, कर छुट तथा सञ्चालन सहयोग लगायतका सुविधाको व्यवस्थापन गरेको छ", अर्थमन्त्री रामेश्वरप्रसाद खनालले भन्नुभयो, "पूर्वाधार पुनःनिर्माण र चुनावी तयारीका लागि सार्वजनिक स्रोतलाई प्राथमिकता दिइएको छ, क्षतिग्रस्त सार्वजनिक तथा निजी सम्पत्ति पुनःनिर्माणका लागि पुनःनिमाण कोष खडा गरिएको छ, यी कदमले बलियो अर्थतन्त्रको जग राख्दै निजी क्षेत्रको गतिविधिलाई पुनःस्थापना गर्ने नेपाल सरकारको लक्ष्य रहेको छ ।"

पुनरुत्थानका लागि आवश्यक तत्काल गतिविधिबाहेक प्रतिवेदनले दिगो आर्थिक वृद्धिका लागि सार्वजनिक लगानी व्यवस्थापनलाई बलियो बनाउनुपर्ने कुरामा जोड दिएको छ । आव २०२४ मा सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको कूल पुँजीगत खर्च कूल ग्राहस्थ उत्पादनको सात दशमलव नौ प्रतिशत थियो । यो नेपालको पूर्वाधार आवश्यकता पूरा गर्न आवश्यक लगानीभन्दा निकै कम हो । नेपालको पूर्वाधार आवश्यकता पूरा गर्नका लागि कूल ग्राहस्थ उत्पादनको १० देखि १५ प्रतिशत लगानी आवश्यक पर्छ ।

"नेपालको आर्थिक वृद्धिदर सुधार, रोजगारी सिर्जना तथा सम्पूर्ण नेपालीको समृद्धिका लागि सार्वजनिक लगानी बढाउनु निकै महत्त्वपूर्ण छ", माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैङ्कका डिभिजन डाइरेक्टर डेभिड सिस्लेनले भन्नुभयो, "यसका लागि केही मुख्य काम कार्यान्वयन गर्नु आवश्यक छ, यसमा परियोजना निर्माण र बजेटिङको सुदृढीकरण गर्ने, जग्गा अधिग्रहण र रुख कटान जग्गा अधिग्रहण र रूख कटान प्रक्रियालाई सुव्यवस्थित गर्ने, रकम व्यवस्थापनलाई थप प्रभावकारी बनाउने, सार्वजनिक खरिद ऐन तथा नियमावलीमा संशोधन गर्ने लगायतका विषयलाई प्राथमिकता दिनुपर्ने देखिन्छ, यसले परियोजनालाई तीव्र रूपमा सम्पन्न गर्न मद्दत गर्नेछ ।"

नेपाल डेभलपमेन्ट अपडेट वर्षको दुई पटक सार्वजनिक हुने गर्छ । विगत लामो समयदेखि यस प्रतिवेदनले आर्थिक विकासको गहन अध्ययन तथा विश्लेषण दिदैं आएको छ ।


## राजबिराज नगरपालिका
### १ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८२/०८३
च.न. ४८१

मिती :-२०८२।०७।२६

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. १० हाल १ बस्ने श्रीमति आनन्दी देवी ले तपसिलका जग्गाहरु नामसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८२।०४।१८ गते मा द.न.९१ को निवेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निबेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल
जिल्ला सप्तरी रा.बि.न.पा.१० हाल १ बस्ने देव नारायण यादव नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ७ | ८५३ | ०-६-१३ |
| सप्तरी | चनौरा पडरीया | ७ | ८५५ | ०-३-८ १/५ |
| सप्तरी | चनौरा पडरीया | ७ | ८५६ | ०-६-० |
| सप्तरी | चनौरा पडरीया | ७ | ८५८ | ०-१३-६ |
| सप्तरी | चनौरा पडरीया | ७ | ८६० | ०-१०-० |
| सप्तरी | चनौरा पडरीया | ७ | ८६२ | ०-८-० |
| सप्तरी | चनौरा पडरीया | ८ | ९३१ | ०-६-१ |
| सप्तरी | चनौरा पडरीया | ८ | ९३२ | ०-१-८ |
| सप्तरी | चनौरा पडरीया | ८ | ९३४ | ०-४-६ |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.१



राजविराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

**राजविराज नगरपालिकाको दरभाउ पेश गर्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२/०७/२७**

यस राजविराज नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गतको शिक्षा शाखाको लागि चालू आर्थिक वर्ष २०८२/८३ का लागि कार्यालयलाई आवश्यक पर्ने विभिन्न किसिमका मालसामानहरू खरिद प्रायोजनको लागि राजविराज नगरपालिकाको आधिकारिक वेबसाइटमा राखिएको पिडिएफ फाइल डाउनलोड गरी दरभाउ भरेर खामबन्दी गरी १५ (पन्ध्र) दिनभित्र शिक्षा शाखामा उपलब्ध गराइदिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

खामबन्दी बुझाउने समयावधि:- २०८२/०७/२७ देखि २०८३/०८/११ गतेसम्म

पिडिएफ डाउनलोड लिङ्क - https://shorturl.at/9bqUA

नगरपालिकाको आधिकारिक फेसबुक पेजमा समेत रहेको सूचीको लिङ्क - https://shorturl.at/ytmzp

**आज्ञाले**
प्रमुख प्रशासकीय अधिकृत
राजविराज नगरपालिका, नगर कार्यपालिकाको कार्यालय


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np